# कृपा
## राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०० बारा, २०८३ भदौ २५ गते विहिबार / चतुर्दशी / नेपाल संवत् ११४६ / Thursday, September 10 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## गरिमा चौधरीको परिवारलाई १ लाख ७५ हजार सहयोग



दुष्यन्त चौधरी

कलैया,२४ भदौ/अमेरिकामा बस्ने नेपाली थारूहरूको संस्था थारु एन्ड फ्रेन्ड्स एसोसिएसन (टीएफए)ले बलात्कारपछि हत्या गरिएकी सिमराकी गरिमा चौधरीको परिवारलाई १ लाख ७५ हजार आर्थिक सहयोग गरेको छ।

टीएफका प्रतिनिधि वीरेन्द्र चौधरीले जीतपुरसिमरा उपमहानगरपालिका( १ स्थित निवासमा पुगेर गरिमाका बुबा मनोज चौधरी र आमा मानमती चौधरीलाई सोमबार सो रकम हस्तान्तरण गर्नुभएको हो ।

टीएफका अनुसार मानवीयताका हिसाबले गरिमा चौधरीका अभिभावकलाई आर्थिक सहयोग गरिएको हो । टीएफका प्रतिनिधि चौधरीले उक्त रकम हस्तान्तरण गर्दै आफूहरू न्यायको पक्षमा उभिएको बताउनुभयो। उहाँले जघन्य अपराधमा संलग्नहरूलाई हदैसम्मको कानुनी कारबाही गर्नुपर्ने बताउनुभयो।

त्यस्तै संस्थाका अध्यक्ष सुरेन्द्र चौधरीले न्यायिक लडाइँमा थारू समुदायको साथ समर्थन रहनुपर्ने बताउनुभयो। उहाँले आर्थिक सहायता जीविकोपार्जनका निम्ति प्रदान गरिएको जनाउनुभयो। 'तिन वर्षीय बालिकामाथि जुन अपराध भएको छ, त्यो कुनै पनि हिसाबले क्षम्य हुन सक्दैन । हाम्रो मानवीयताको दृष्टिले परिवारको जीविकोपार्जनका निम्ति उक्त सहयोग प्रदान गरिएको हो।' उहाँले भन्नुभयो।

सो अवसरमा गरिमका बुबा मनोज चौधरीले आफूहरू न्यायाको पर्खाइमा रहेको बताउनुभयो। उहाँले सरकारले पनि आफूहरूसँग गरेको सम्झौता कार्यान्वयन गर्न ढिलाइ गर्न नहुने बताउनुभयो। 'विपत्ति बेला हो

बाँकी तेश्रो पेजमा

## वैकल्पिक व्यवस्था नगरी दुधौरा खोला किनारको सुकुम्बासी बस्ति नहटाउन माग

निजगढ, २४ भदौ/जीतपुरसिमरा उपमहानगरपालिका- १ दुधौरा खोला किनारको सुकुम्बासी बस्तिमा रहेका घरटहरा १५ दिनभित्र हटाउन डिभिजन वन कार्यालय बाराले जारी गरेको सूचनापछि अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन संघर्ष समिति बाराले वैकल्पिक व्यवस्था नगरी बस्ति नहटाउन माग गरेको छ ।

संघर्ष समितिले बुधबार डिभिजन वन कार्यालय बाराका प्रमुख सुजितकुमार झालाई ज्ञापनपत्र बुझाउँदै संघर्ष उचित व्यवस्थापन बिना वर्षैदेखि बसोबास गर्दै आएका वास्तविक भूमिहीन, सुकुम्बासी तथा न्यून आय भएका नागरिकलाई हटाउने कार्य अमानवीय र अनुचित हुने जनाएको छ ।

वन कार्यालयले एक साताअघि सूचना निकालेर बस्ति खाली गर्न आग्रह गरेपछि समितिले बाढीको जोखिम र वन अतिक्रमितको नाममा भूमिहिन र अव्यवस्थित बसोबासीलाई विस्थापित गर्न नपाइने जनाएको हो।



वन कार्यालयका डिभिजन वन अधिकृत सुजीतकुमार झाले गत भदौं १७ गते एउटा सूचना जारी गर्दै वन कार्यालयको क्षेत्राधिकारभित्र पर्ने पूर्व दुधौरा खोला, पश्चिम पथलैया सामुदायिक वन, उत्तर पूर्वपश्चिम राजमार्ग र दक्षिण पथलैया सामुदायिक वनको खयरघारी भित्रमा अनाधिकृत रुपमा वन अतिक्रमण गरी घर टहरा बनाएर बसोबास तथा व्यवसाय संचालन गर्दैआएकाहरुलाई भाद्र ३० गतेभित्र खाली गर्न चेतावनी दिनुभएको थियो ।

कार्यालयको सूचनामा वन ऐन २०७६, वन नियमावली २०७९ र प्रचलित कानुनको प्रतिकूल रहेको सो वस्तिमा विभिन्न जोखिमसंगै भूमि व्यवस्था आयोगले धनीपूर्जा वितरण गर्न र जीविकोपार्जको आधारसमेत नभएको हटाउनुपर्ने देखिएको जनाइएको छ । दुधौरा खोलाको बाढीसंगै बस्तिमा बाघ, हात्तीलगायतका जनावरको उच्च जोखिम रहेको वन कार्यालयको भनाइ छ । वन्यजन्तु विचरण गर्ने जंगलको कोर क्षेत्रमा पर्ने भएकोले सो बस्तिमा वन्यजन्तुको जोखिम रहेको जनाएको हो। सूचनामा सो क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुबाट वनजन्य अपराध घटाउन गर्न सक्ने प्रवल संभावना रहेको पनि उल्लेख गरिएको छ।

समितिका संयोजक रमेश सापकोटाले नेपालको संविधानको धारा ३७ ले व्यवस्था गरेको उपयुक्त आवासको हक र धारा ४२ ले विपन्न तथा सुकुम्बासी नागरिकलाई आवास र संरक्षणको संवैधानिक अधिकार दिएको बताउँदै विभिन्न ६ बुँदे माग अघि सार्नुभएको छ।

उहाँले वन कार्यालयद्धारा जारी १५ दिने सूचना स्थगन गर्नुपर्ने, धरधुरी सर्वेक्षण गरिनुपर्ने, वास्तविक भूमिहिन/सुकुम्बासी तथा अव्यवस्थितको पहिचान गर्नुपर्ने, संयुक्त छानविन समिति गठन गर्नुपर्ने, जोखिम तथा वातावरणीय अध्ययन गनुपर्ने, वैकल्पिक सुरक्षित बसोबासको ठोस योजना र प्रभावित नागरिकसँग सर्वपक्षिय संवाद तथा व्यवस्थापन गर्नुपर्ने माग राख्नुभएको छ।

स्थानीय जनप्रतिनिधि र सरोकारवाला निकायका प्रतिनिधिसहित पुगेको संघर्ष समितिले आफूहरुको मागलाई वेवास्था गर्दै अघि बढेमा आन्दोलन गर्न बाध्य हुने चेतावनीसमेत समितिले दिएको छ।

ज्ञापनपत्र बुझाउने क्रममा जीतपुरसिमरा( १ का वडा अध्यक्ष हिराबहादुर गुरुङ, वडा नं. २ का वडा अध्यक्ष धनबहादुर श्रेष्ठ, वडा नं. १६ का वडा अध्यक्ष हरिदेव खरेल, वडा नं. १८ का वडा अध्यक्ष चतुरबाबु वाग्ले, वडा नं. २१ का वडा अध्यक्ष सुवास श्रेष्ठ, वडा नं २२ का वडा अध्यक्ष शेखरकाजी रुम्बालगायत सहभागी बनेका थिए। जनप्रतिनिधिले पनि भूमि सम्बन्धी ऐनमा पनि अव्यवस्थित बसोबासी व्यवस्थापनको कानुनी प्रावधान रहेकाले हचुवाको भरमा उठिबास लगाउन नपाइने र सुकुम्बासी बस्ति हटाउने सूचना स्थगन गरेर समस्या समाधानको विकल्प खोज्न पनि आग्रह गरेका छन्।

## कोल्हबीबाट भरूवा बन्दुक, हरिणको छाला र चिरान काठ बरामद

कोल्हबी, २४ भदौ/बाराको कोल्हबीबाट वन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले बुधवार दुई थान भरुवा बन्दुक, हरिणको छाला र अवैध चिरान काठ बरामद गरेको छ।

कोल्हबी नगरपालिका( २ स्थित बाँध टोलका रामविनोद तत्माको घरबाट गोली भरिएको दुई थान बन्दुक, हरिणको छाला, धनेस चराको जस्तो चुच्चो देखिने वस्तु, वन्यजन्तु चोरीशिकारीका लागि प्रयोग हुने पासो र चिरान काठ बरामद गरिएको हो ।



अवैध गतिविधि भईरहेको भन्ने सूचना पाएपछि इलाका प्रहरी कार्यालय कोल्हबी र सशस्त्र प्रहरी बल सुरेक्षा बेस कोल्हबीको सुरक्षाकर्मीसहित वन कार्यालयका कर्मचारी र वन रक्षक टोली तत्माको घरमा पुगेको थियो । घरको मुख्य गेटमा लगाइएको ताला फुटाएर हेर्ने क्रममा लुकाएर राखेको अवस्थामा उक्त वस्तुहरु बरामद भएको हो ।

अवैध सामग्री फेला परेपनि घरका सदस्य फरार छन्। उनीहरुको खोजी अघि बढाइएको बाराका प्रहरी प्रवक्ता मिनबहादुर घलेले जानकारी दिनुभएको छ। उक्त घरबाट अवैध हातहतियारको प्रयोग गरी वन्यजन्तुको शिकार, काठको चोरीतस्करी हुने गरेको खुलेपछि प्रहरी र वन कार्यालयले अनुसन्धान थालेको छ ।

## बाढीपीडितलाई कलैया उपमहानगरपालिकाको ७७ लाख ७७ हजार सात सय ७७ रूपैयाँ

कलैया, २४ भदौ/रसुवा जिल्लामा हालै गएको विनाशकारी बाढीबाट प्रभावित भएका नागरिकहरूको राहत तथा पुनर्स्थापनाका लागि बाराको कलैया उपमहानगरपालिकाले ७७ लाख ७७ हजार सात सय ७७ रुपैयाँ सहयोग गर्ने भएको छ। उपमहानगरपालिकाले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने भएको हो ।




रसुवा बाढीबाट मुलुकले अत्यन्तै ठूलो क्षति व्यहोर्नुपरेको भन्दै नगर प्रमुख विनोद साहले उद्धार, राहत र पुर्ननिर्माणको अभियानमा उपमहानगरपालिकाबाट सहयोग गरिएको बताए। साहले जनप्रतिनिधिको सेवासुविधा, कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकको तलब तथा नगरको विपद् व्यवस्थापन कोषबाट सहयोग गरिएको जानकारी दिनुभयो ।

साहका अनुसार कर्मचारी, स्वास्थ्यकर्मी तथा शिक्षकहरूबाट सरकारको निर्णयबमोजिम ५३ लाख ६२ हजार एक सय पाँच, जनप्रतिनिधिहरूको १५ दिनको सेवासुविधावापत आठ लाख चार हजार पाँच सय, उपमहानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट १६ लाख ११ हजार एक सय ७१ रुपैयाँ गरी ७७ लाख ७७ हजार सात सय ७७ रुपैयाँ कोषमा जम्मा गरिनेछ ।

## अमलेखगञ्जबाट १८ हजार ३ सय ट्रामाडोल क्याप्सुलसहित एक युवक पक्राउ

सिमरा, २४ भदौ/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( २१ अमलेखगञ्जबाट ठूलो परिमाणमा लागूऔषध ट्रामाडोल हाइड्रोक्लोराइडसहित एक जना युवक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका( १६ निवासी अन्दाजी २० वर्षीय आनन्द चौरसिया रहेका छन्

प्रहरीका अनुसार वीरगञ्जबाट नारायणगढतर्फ जाँदै गरेको ना.५ ख ७६२३ नम्बरको यात्रुवाहक बसलाई अमलेखगञ्जस्थित सडकखण्डमा रोकेर चेकजाँच गर्ने क्रममा ट्रामाडोल हाइड्रोक्लोराइड बरामद भएको हो।

बसको हुडमा राखिएका दुईवटा झोलाभित्रबाट १८ हजार ३ सय पिस ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल फेला परेको प्रहरीले जनाएको छ।

उक्त झोला बसमा सवार चौरसियाको रहेको खुलेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो।

पक्राउ परेका चौरसियामाथि लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीले बरामद लागूऔषध कहाँबाट ल्याइएको थियो र कहाँ लैजाँदै गरिएको थियो भन्ने विषयमा समेत अनुसन्धान अघि बढाएको जनाएको छ। साथै, घटनामा अन्य व्यक्तिको संलग्नता भए/नभएकोबारे समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय.......

### जेनजीकोसपना :आन्दोलनकोएकवर्ष

नेपालको राजनीतिक र सामाजिक इतिहासलाई नयाँ मोड दिने 'जेन-जी आन्दोलन' ले एक वर्ष पूरा गरेको छ ।

गत वर्ष (२०८२ सालको भदौ २३ र २४ गते / सन् २०२५ सेप्टेम्बर) मा नेपाली युवा तथा विद्यार्थीहरूले गरेको त्यो ऐतिहासिक विद्रोह केवल एउटा विरोध प्रदर्शन मात्र थिएन, बरु दशकौंदेखि जरा गाडेर बसेको राजनीतिक बेथिति, भ्रष्टाचार, नातावाद (नेपो-किड्स संस्कृति) र नागरिक स्वतन्त्रतामाथिको प्रहारविरुद्धको एउटा भीषण 'युवा आँधी' थियो ।

सरकारले फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, टिकटक र युट्युबजस्ता २६ वटा प्रमुख सामाजिक सञ्जालमाथि एक्कासि प्रतिबन्ध लगाउने आत्मघाती निर्णय गरेपछि आन्दोलनको झिल्को बलेको थियो । आफ्नो अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकार खोसिएको महसुस गर्दै माइतीघर मण्डला र बानेश्वरको सडकमा ओर्लिएका जेन-जी युवाहरूको त्यो शान्तिपूर्ण र्‍याली हेर्दाहेर्दै देशव्यापी विद्रोहमा परिणत भयो ।

परम्परागत राजनीतिक दलहरूको कुनै झन्डा र नेतृत्वबिना, केवल डिजिटल माध्यम (डिसकर्ड, टिकटक र भाइबर) बाट सङ्गठित भएका युवाहरूको शक्तिको अगाडि तत्कालीन सत्ता टिक्न सकेन र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपर्‍यो ।

यो परिवर्तन सहजै आएको भने होइन । आन्दोलनका क्रममा राज्य पक्षबाट भएको दमन र प्रहरीको गोली लागेर स्कुलकै पोसाकमा ढलेका कलिला विद्यार्थीसहित दर्जनौं नेपाली युवाहरूले शहादत प्राप्त गरे । सरकारले भदौ २३ लाई 'जेनजी शहीद दिवस' घोषणा गरी सार्वजनिक बिदा दिनु र आन्दोलनकारीसँग १० बुँदे सहमति गर्नु ती वीर सहिदहरूप्रतिको सम्मान र युवा शक्तिको ऐतिहासिक जित त हो, तर आन्दोलनको एक वर्ष बितिसक्दा पनि के जेन-जीका वास्तविक मागहरू पूरा भए त ? यो आजको मुख्य प्रश्न हो ।

नेपालको जेन-जी आन्दोलनले इतिहासमा के स्पष्ट पारिदिएको छ भने अबका युवाहरू कसैको राजनीतिक गोटी बन्नेवाला छैनन् । यो एक वर्षको समीक्षा गरिरहँदा नयाँ नेतृत्व र सरकारले बुझ्नुपर्छ( नेपाली युवाले खोजेको केवल अनुहारको परिवर्तन होइन, थिति र प्रवृत्तिको पूर्ण रूपान्तरण र सामाजिक न्याय हो ।

सहिदहरूको बलिदान र सडकमा पोखिएको युवाहरूको आक्रोशलाई न्याय गर्ने हो भने सरकारले सुशासन र प्रणाली सुधारमा ढिलाइ गर्नु हुँदैन ।

# जलवायु परिवर्तनका जोखिम




नेपालको भौगोलिक तथा जलवायु विविधता, तीव्र रूपमा परिवर्तन भइरहेको भूउपयोग, अव्यवस्थित बस्ती विस्तार, वन तथा वातावरण विनाश, प्राकृतिक स्रोतसाधनको अनियन्त्रित दोहन, गरिबी र बढ्दो जनसङ्ख्याका कारण देशको विपत् जोखिम जटिल हुँदै गएको छ । भूकम्प, बाढी, पहिरो, डढेलो, तातो हावा (लु), शीतलहर, चट्याङ, हुरीबतास, असिना, खडेरी, महामारी जस्ता विपत् नेपालका लागि बारम्बार दोहोरिने चुनौती बनेका छन् । प्राकृतिक जोखिम मात्र होइन, मानवजन्य गतिविधिले पनि यी जोखिमलाई विपत्मा रूपान्तरण गर्ने र क्षतिको मात्रा बढाउने काम गरिरहेका छन् ।

यस्ता विपत्ले हरेक वर्ष ठुलो मात्रामा जनधनको क्षति पुर्‍याउनुका साथै नेपालको दिगो विकासको लक्ष्यमै चुनौती थपिरहेका छन् । पछिल्ला वर्ष जलवायु परिवर्तनको प्रभावले हिमाली, पहाडी र तराई सबै क्षेत्रमा विपत्का जोखिम र अनिश्चितता बढाउँदै लगेको छ । यही कारण नेपाल विश्वका उच्च विपत् जोखिमयुक्त मुलुकमध्ये एकका रूपमा दर्ता भएको छ ।

नेपालमा विपत् जोखिम न्यूनीकरणका लागि नक्साङ्कन, पूर्वसूचना, सुरक्षित पूर्वाधार, सामुदायिक पूर्वतयारी र संस्थागत क्षमता विकास जस्ता प्रयास अघि बढेका छन् । मानिसहरूले पनि जोखिमलाई जीवनको अङ्गका रूपमा स्विकार्न थालेका छन् तर अव्यवस्थित विकास, भाग्यवादी सोच र फितलो कानुनका कारण जोखिम न्यूनीकरण पर्याप्त हुन सकेको छैन । उद्धार र राहतमै केन्द्रित प्रतिक्रियामुखी प्रणाली हाबी हुनु प्रमुख चुनौती बनेको छ ।

यसैबिच २०८३ भदौ १० मा भोटेकोशी-त्रिशूली क्षेत्रमा विनाशकारी विपत् आइलाग्यो । पाँच हजार दुई सय मिटर उचाइबाट बरफ र चट्टानसहितको ठुलो ढिक्का तीव्र गतिमा तल झर्दा उत्पन्न परिणाम जटिल भौगर्भिक प्रक्रिया हो । यसले ५.२ म्याग्निच्युडको कम्पन पैदा गर्दै चट्टान, माटो र बरफको लेदो सिर्जना गर्‍यो । प्रतिघण्टा १७० देखि १८० किमीको औसत गतिमा बगेको यो लेदोले सात आठ मिनेटमै १७-१८ किमी दुरी पार गरी तल्लो भेगका बस्तीमा भीषण क्षति पुर्‍याउँदै ठुलो मानवीय र राष्ट्रिय सङ्कट निम्त्यायो ।

यो घटना केवल हिमताल फुटेर नभई हिम-चट्टानी पहिरो, तीव्र लेदो, बाढी र दोस्रो पहिरोको अन्तरसम्बन्धित शृङ्खला हो । यसको मूल कारणबारे वैज्ञानिक अध्ययन आवश्यक छ। यसले भूउपग्रह निगरानी, हिमनदी अध्ययन र सीमापार सूचना आदानप्रदानसहितको प्रभावकारी पूर्वचेतावनी प्रणालीको खाँचो औँल्याएको छ । ल्हेन्देखोलाको माथिल्लो हिमाली क्षेत्रमा सुरु भएको यो विपत् स्थानीय क्षतिमा मात्र सीमित रहेन । यसले राष्ट्रिय अर्थतन्त्र र रणनीतिक पूर्वाधार कति परस्पर निर्भर छन् भन्ने गम्भीर सन्देश दिएको छ। पानी, बरफ, चट्टान, माटो र गेग्र्यानसहितको तीव्र बहावले सडक, पुल, बस्ती, जलविद्युत् आयोजना र विद्युत् प्रसारण संरचनामा क्षति पुर्‍याउँदा त्यसको असर यातायात, ऊर्जा र सञ्चारको निरन्तरतामा समेत पर्न गएको छ । सरकारको प्रारम्भिक तथ्याङ्क अनुसार करिब ३८७ अर्ब रुपियाँ बराबरको क्षति भएको छ । यो क्षतिलाई तीन किसिमले वर्गीकरण गर्नु पर्छ । पहिलो- मानवीय तथा सामाजिक क्षति, दोस्रो- भौतिक तथा आर्थिक क्षति र तेस्रो- दीर्घकालीन आर्थिक, सामाजिक र राष्ट्रिय विकासमा पुर्‍याएको क्षति । यीमध्ये मानवीय क्षति नै सबैभन्दा ठुलो क्षति हो ।

नेपाल र चीनबिचको उत्तरी व्यापारिक नाका जोड्ने सडक र पुलमा क्षति हुँदा आयातनिर्यात प्रभावित हुनुका साथै आपूर्ति शृङ्खला अवरुद्ध भएको छ । यसको प्रत्यक्ष असर दैनिक उपभोग्य वस्तुको आपूर्ति, निर्माण सामग्री, इन्धन तथा अन्य आवश्यक वस्तुको ढुवानीमा परेको छ । व्यापारिक गतिविधि सुस्त हुँदा भन्सार राजस्व, स्थानीय रोजगारी र व्यवसायमा समेत असर पुगेको छ । त्यस्तै जलविद्युत् तथा प्रसारण संरचनामा क्षति भएकाले ऊर्जा उत्पादन, प्रसारण र औद्योगिक गतिविधिको निरन्तरतामाथि जोखिम बढेको छ ।

यो विपत्को असर केवल मानवीय क्षति र भौतिक संरचनाको विनाशमा मात्र सीमित रहेन । यसले आर्थिक, सामाजिक, यातायात, ऊर्जा, व्यापार, पर्यटन, वातावरणीय तथा राष्ट्रिय रणनीतिक क्षेत्रमा समेत बहुआयामिक प्रभाव पारेको छ । तसर्थ अब जोखिमको पूर्वमूल्याङ्कन र बहुजोखिम प्रतिरोधी संरचना बनाउनु अति आवश्यक छ ।

भोटेकोशी-त्रिशूली-नारायणी जस्ता नदीप्रणालीमा विपत्को प्रभाव फैलिँदा यसको जोखिम एउटै जिल्ला वा क्षेत्रमा सीमित रहँदैन । यातायातमा अवरोध, ऊर्जा सङ्कट, आपूर्ति शृङ्खला विच्छेद, व्यापारिक क्षति, पर्यटनमा गिरावट र पुनर्निर्माणको बढ्दो आर्थिक भारले राष्ट्रिय अर्थतन्त्रमा बहुगुणक प्रभाव पार्न सक्छ। त्यसैले यस्तो विपत्लाई स्थानीय प्राकृतिक घटना भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन । यो राष्ट्रिय आर्थिक स्थायित्व, पूर्वाधारको निरन्तरता, ऊर्जा सुरक्षा र रणनीतिक सम्पर्कमाथिको जोखिम हो । अब विकासका हरेक ठुला पूर्वाधारमा विपत् जोखिमको पूर्वमूल्याङ्कन र बहुजोखिम प्रतिरोधी संरचनालाई अनिवार्य बनाउनु पर्छ । नेपालले अब प्रतिक्रियामुखी विपत् व्यवस्थापनबाट पूर्वानुमानमुखी र जोखिममा आधारित प्रणालीतर्फ निर्णायक रूपान्तरण गर्नु पर्छ ।

हिमाली क्षेत्रमा रियल-टाइम निगरानी, उपग्रह प्रविधि, स्वचालित मौसम तथा जलमापन, एआईमा आधारित जोखिम विश्लेषण र बहुस्तरीय पूर्वसूचना प्रणालीलाई प्राथमिकता दिनु पर्छ । नेपाल, चीन, भारत र भुटानबिच तत्काल सूचना आदानप्रदानको संयन्त्र पनि सुदृढ गर्नु पर्छ । रणनीतिक सडकका विकल्पमा सुरुङ तथा वैकल्पिक मार्ग विस्तार गर्दै दीर्घकालमा आफ्नै भूउपग्रह र अन्तरिक्ष प्रविधिमा आधारित विपत् निगरानी क्षमता विकास गर्नु अपरिहार्य छ ।

विपत् रोक्न सधैँ सम्भव नहोला तर त्यसले निम्त्याउने मानवीय, सामाजिक र आर्थिक विनाशलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ । त्यसका लागि विपत् आएपछि उद्धार र राहतमा दौडिने परम्परागत सोचबाट माथि उठेर विपत् आउनुअघि नै जोखिम पहिचान, पूर्वतयारी र पूर्वचेतावनी प्रणालीमा आधारित शासनप्रणाली विकास गर्न आवश्यक छ ।

हालैको बाढीलाई अर्को एउटा दुःखद घटनाका रूपमा सम्झेर बिर्सने कि त्यसबाट ठोस पाठ सिक्दै नेपालको विपत् व्यवस्थापन प्रणालीमा निर्णायक परिवर्तन ल्याउने ? यो प्रश्न हाम्रासामु छ । हरेक विपत्पछि क्षतिको विवरण सङ्कलन गरेर मात्र पुग्दैन । किन क्षति भयो, जोखिम कहाँ थियो, पूर्वचेतावनी प्रणाली थियो कि थिएन, थियो भने किन प्रभावकारी हुन सकेन र भविष्यमा यस्तै क्षति दोहोरिन नदिन के गर्नु पर्छ जस्ता प्रश्नको संस्थागत उत्तर खोजिनु पर्छ । जोखिम नक्साङ्कन, सुरक्षित भूउपयोग, पूर्वसूचना, रियल टाइम निगरानी, वैज्ञानिक अनुसन्धान, सुरक्षित पूर्वाधार र आधुनिक प्रविधिमा निरन्तर एवं आवश्यक मात्रामा लगानी गर्नु पर्छ । जोखिमको पूर्वमूल्याङ्कन र बहुजोखिम प्रतिरोधी संरचनालाई अनिवार्य बनाउनु पर्छ । विपत् व्यवस्थापनलाई राहत वितरणको विषयबाट निकालेर विकास, सुशासन र राष्ट्रिय सुरक्षाको अभिन्न अङ्ग बनाउनु पर्छ ।

हरेक विपत्पछि शोक मनाउने मात्र होइन, शोकलाई शक्तिमा बदल्दै त्यसबाट पाठ सिकेर भविष्यको जोखिम घटाउने संस्कार विकास गर्नु पर्छ । सुरक्षित र उत्थानशील नेपाल संयोगले होइन- दूरदृष्टि, विज्ञान, प्रविधि, पूर्वतयारी र जवाफदेही सुशासनबाट मात्र निर्माण हुन्छ । अब हरेक विपत्लाई नयाँ क्षतिको सुरुवात होइन, जोखिम घटाउने र सुरक्षित भविष्य निर्माण गर्ने अवसरका रूपमा आत्मसात् गरौँ ।

**साभार: गोरखापत्र**




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रू १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको ११३औं जन्मजयन्ती

काठमाण्डौ २४ भदौ/आज प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको ११३औं जन्मजयन्ती, विभिन्न कार्यक्रम गरी मनाइएको छ।

राजनीति र साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका कोइरालाको १९७१ साल भदौ २४ गते जन्म भएको थियो। तत्कालिन राणा शासनको विरोधमा उहाँका पिता कृष्णप्रसाद कोइरालासहित परिवार भारत निर्वासनमा जानुपरेको थियो।

भारत निर्वासनकै क्रममा राणा शासनको अन्त्य गर्न २००३ सालमा बिपीको नेतृत्वमा नेपाली राष्ट्रिय कांग्रेस स्थापना भएको थियो। प्रजातन्त्र स्थापनाको लक्ष्यसहित भएको आन्दोलन २००७ मा सफल भएको थियो।

यो सफलतापछि मोहनशम्शेरको नेतृत्वमा बनेको राणा(कांग्रेस सरकारमा बिपी गृहमन्त्री बन्नुभयो। त्यस्तै २०१५ सालको आमचुनावमा कांग्रेसले दुईतिहाइ बहुमत प्राप्त गरेपछि उहाँ प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभएको हो।

२०१७ साल पुस १ मा तत्कालिन शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो। पछि नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायतलाई सुन्दरीजल बन्दीगृहमा सारियो।

२०२५ सालमा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त हुनुभएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताउनुभयो। २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उहाँ स्वदेश फर्कनुभयो। उहाँले त्यसबेला अपनाएको मेलमिलापको नीति आज पनि नेपाली राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ।

क्यान्सर रोगबाट पीडित बिपीको २०३९ साल साउन ६ गते निधन भएको थियो। नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक बिपी कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन्। उहाँका 'तीन घुम्ती', 'मोदी आइन', 'हिटलर र यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाई', एवं 'बाबु, आमा र छोरा' 'श्वेत भैरवी', 'दोषी चश्मा' लगायत चर्चित कृति रहेका छन्।

बिपी जयन्तीका अवसरमा आज कांग्रेस, भ्रातृ एवं शुभेच्छुक संस्था र बिपी सङ्ग्रहालयले विभिन्न कार्यक्रमको आयोजना गरेका छन्।

# पूर्वप्रधानमन्त्री देउवाको देशव्यापी भ्रमणमा निस्कने घोषणा

काठमाडौं २४ भदौ/नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले देशव्यापी भ्रमणमा निस्कने घोषणा गर्नुभएको छ।

कांग्रेस भक्तपुरले बुधबार १३३ औं बीपी जयन्तीको अवसरमा आयोजना गरेको विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले देशव्यापी भ्रमणमा निस्कने घोषणा गर्नुभएको हो।

'जिल्ला, गाउँ, सबै ठाउँमा भ्रममा परेका जो साथी होलान् सबैलाई आफ्नो पक्षमा ल्याउँदै म पनि छिट्टै नै देशभरि घुम्छु,' देउवाले भन्नुभयो।

पूर्वसभापति देउवाले सर्वोच्च अदालतबाट आफूलाई न्याय मिल्नेमा विश्वस्त रहेको पनि बताउनुभयो।

'म देशभरि घुमेर फेरि जनताको पक्षमा जाने विश्वास दिलाउँदै, जो लाग्नु भएको छ, उहाँहरूलाई हार्दिक धन्यवाद दिँदै फेरि पनि सर्वोच्च अदालतबाट हामीलाई न्याय मिल्ने छ भन्ने विश्वास व्यक्त गर्छु,' उहाँले भन्नुभयो।

विदेशबाट उपचार गरेर स्वदेश फर्किंदा पाएको माया आफूले मात्रै नभएर सबै कांग्रेसका सच्चा कार्यकर्ताले पाएको देउवाको भनाइ थियो।

'म काठमाडौं आउँदा जुन किसिमको नेपाली जनताको माया, सद्भावना र समर्थन मैले पाप्त गरेँ। त्यो मैले पाएको होइन, सबै साथीहरूले पाउनुभएको हो नि,' उहाँले भन्नुभयो, 'तपाईंहरूले पाउनुभएको हो। नेपाली कांग्रेसका सच्चा कार्यकर्ताले पाउनुभएको हो।'

देउवाले जनताले दिएको मायालाई सबैले आफूले पाएको माया सम्भिएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।



देउवाले १० भदौमा रसुवाको भोटेकोशी बाढीमा आएको बाढीले पुऱ्याएको जनधनको क्षतिप्रति दुःख पनि व्यक्त गर्नुभयो।

# भारतमा महिलाको पेटबाट १३ वटा कलम, ५ वटा चम्चा र मैनबत्ती निकालियो

काठमाण्डौं,२४ भदौ/भारतको आन्ध्र प्रदेशमा डाक्टरले एक महिलाको पेटबाट १३ वटा कलम, ५ वटा काठका चम्चा र एउटा मैनबत्ती निकालेका छन्। तीमध्ये एउटा कमल २५ सेन्टिमिटर लामो थियो। आन्ध्र प्रदेशको पाल्नाडु जिल्लाकी ३३ वर्षीया महिलाको पेटबाट अप्रेशन गरेर ती वस्तु निकालिएको बीबीसी हिन्दीले जनाएको छ।

ती महिलाले छातीको बायाँ भागमा तीव्र पीडा महसुस गरेपछि परिवारले उनलाई माताश्री प्राइभेट हस्पिटलमा भर्ना गरेका थिए।

शुरूमा चिकित्सकले ईसीजी र इन्डोस्कोपी गरेका थिए। ईसीजी रिपोर्ट ठीक थियो तर इन्डोस्कोपी रिपोर्टमा पेटमा लामा वस्तु रहेको पत्ता लागेको उपचार संलग्न डाक्टर रामचन्द्र रेयीले बताउनुभयो। डाक्टरले सफलतापूर्वक यी सबै वस्तुहरू निकाले र ती महिलाको ज्यान बचाए। अहिले महिलाको अवस्था स्थिर रहेको छ। डाक्टर रेयीका अनुसार ती महिला मानसिक रोगबाट पीडित थिइन्। उनले पितासँग कुनै विषयमा झगडा भएको र त्यही रिसमा ती वस्तु निलेको बताएकी छिन्।

# गृहमन्त्रीको उग्र अभिव्यक्तिप्रति ओलीको जवाफ- 'यस्ता केटाकेटीहरू धेरै आए, धेरै गए'

काठमाडौं २४ भदौ/गृहमन्त्री सुधन गुरुङले पुराना राजनीतिक दलहरूलाई लक्षित गर्दै दिएको उग्र अभिव्यक्तिप्रति नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले टिप्पणी गर्नुभएको छ।

बालकोटस्थित आगजनीबाट क्षतिग्रस्त आफ्नो निवासको अवलोकन गर्न पुग्नुभएका ओलीले सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री गुरुङको अभिव्यक्तिप्रति प्रतिक्रिया जनाउनुभएको हो। गुरुङले भदौ २३ गते पुराना राजनीतिक दलहरूलाई 'सुनि' चेतावनी दिनुभएको थियो। गृहमन्त्रीले 'पहिले हेलिकप्टर चढेर भागेका थियौ, अहिले त्यो पनि हाम्रै हातमा छ। चढिहाल्यौ भने पनि जाक्दिन्छौँ' भन्ने अभिव्यक्ति दिनुभएको थियो।

गुरुङको उक्त अभिव्यक्तिबारे ओलीले भन्नुभयो, 'हामीले प्रशंसा गरिदिनुपर्ने हो र ? यस्ता केटाकेटीहरू धेरै आए, धेरै गए।'



ओलीले भदौ २४ गतेको घटनालाई देशका लागि 'कालो दिन' भएको बताउनुभयो। उक्त दिन भएको विध्वंसका कारण देश २५ वर्षभन्दा बढी पछाडि धकेलिएको उहाँको भनाइ छ।

'देश २५ वर्षभन्दा धेरै पछि परेको छ। अहिले रमाउनेहरू कम्तीमा २५ वर्षभन्दा पछाडि परेका छन्। त्यो कुरा पछि भोग्दै जाँदा थाहा पाउँछन्, अहिले रमाउनेहरूले पनि,' ओलीले भन्नुभयो। आफ्नै निवासमा भएको आगजनीपछि ओली आज क्षतिग्रस्त घरको अवस्था अवलोकन गर्न पुग्नुभएको हो।

# नेपालको इतिहासमा भदौ २४ अभूतपूर्व विनासको दिन : निरज आचार्य

काठमाडौं २४ भदौ/नेकपा एमालेका प्रचार तथा प्रकाशन विभाग प्रमुख निरज आचार्यले गत वर्ष भदौ २४ गते भएको विध्वंसात्मक घटनालाई अभूतपूर्व विनाको दिन भन्नुभएको छ।

यो दिनलाई देशको इतिहासकै दुःखद दिनका रूपमा स्मरण गर्दै उहाँले त्यस्तो घटना फेरि कहिल्यै नदोहोरियोस् भन्ने कामना गर्नुभएको छ। भदौ २४ को घटनाको एक वर्ष पूरा भएको सन्दर्भमा सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै आचार्यले राज्यका संरचना, सम्पदा र निजी सम्पत्तिमाथि भएको विध्वंसप्रति टिप्पणी गर्नुभएको छ।



आफ्नै इतिहासको पानामा आगो सल्काएर खरानीको टीका लगाउने प्रवृत्तिलाई उहाँले व्यंग्य गर्नुभएको छ। शत्रुले वर्षौंसम्म योजना बनाएर पनि गर्न नसक्ने 'अभूतपूर्व विनाश' आफ्नै हातबाट गरिएको भन्दै उहाँले त्यसलाई विडम्बनापूर्ण घटनाका रूपमा चित्रण गर्नुभएको छ।

देशको सम्पदा ध्वस्त पारेर सत्ताको कुर्सीमा मुस्कुराउने प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्दै आचार्यले त्यस्तो गतिविधिले नेपालमा लगानी गरेर समृद्ध बन्ने अन्तर्राष्ट्रिय समुदायको विश्वासमा समेत असर पार्ने बताउनुभएको छ।

# गरिमा चौधरीको परिवारलाई ...

यो, मैले पनि बुझेको छु, उहाँले भन्नुभयो, तर सरकारले हामीसँग गरेको सम्झौताको कार्यान्वयन गर्नुपर्छ।' उहाँले नयाँ कानुन बनाएर दोषीलाई कडाभन्दा कडा सजाय तोकिनुपर्ने उहाँको भनाइ छ।

सरकारसँग कुनै रकम नलिएको र त्यसखालको सम्झौता पनि नगरेको उहाँको भनाइ छ। तर, सामाजिक सञ्जालमा पैसा लिएकोबारे भ्रम सिर्जना गरिएकोप्रति उहाँले दुखेसो पोख्नुभयो। उहाँले आफ्नी छोरीको न्यायभन्दा ठूलो कुरा आफ्ना लागि केही नभएको पनि बताउनुभयो।

साउन ३१ गते बिहान घरबाट हराएकी गरिमाको शव तीन दिनपछि घरबाट करिब १५० मिटर दक्षिणतर्फ रहेको खाली घरमा बलात्कारपछि हत्या गरिएको अवस्थामा फेला परेको थियो


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति: २०८३/०५/२५ गते

यस बैंकको तपशिलको ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस बैंकको कर्जा असुली कार्यविधि एवं प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समेत समावेश गरिने व्यहोरा सम्बन्धित सबैलाई सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम : सहमति बचत तथा ऋण सहकारी संस्था लि.**

**दर्ता नं: १३९१/२०७०/७१** | **रजिष्टर्ड ठेगाना : सबैला-०८ धनुषा ।** | **हालको ठेगाना : सबैला-०८ धनुषा ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : संजय कुमार साह (अध्यक्ष)**<br>बुवा : राम विलास साह<br>बाजे :<br>ना प्र नं. : १७३०२३/१६८ धनुषा<br>ठेगाना : ठिल्ला यदुवा-०२, धनुषा | **४) नाम : राम औतार ठाकुर बरही (संचालक सदस्य)**<br>बुवा : राज किशोर ठाकुर बरही<br>बाजे : खुसिया सदा<br>ना.प्र.नं : ८०२६२५३४ धनुषा<br>ठेगाना : सबैला-०७ धनुषा | **७) नाम : बबलु प्रसाद जयसवाल (संचालक सदस्य)**<br>बुवा : बाल किशोर साहु कलवार<br>बाजे :<br>ना.प्र.नं : १७१०४३/५६८ धनुषा<br>ठेगाना : मखनाह-०६ धनुषा |
| **२) नाम : ब्रम्हदेव यादव (उपाध्यक्ष)**<br>बुवा : राम विलास यादव<br>बाजे :<br>ना.प्र.नं : ६१११९१७७७ धनुषा<br>ठेगाना : मखनाह-०६ धनुषा | **५) नाम : जय किशोर साह (कोषाध्यक्ष)**<br>बुवा : जमुना प्रसाद साह तेली<br>बाजे :<br>ना.प्र.नं : ८०२६१०९२ धनुषा<br>ठेगाना : सबैला-०४ धनुषा | **८) नाम : राम सेवक ठाकुर बरही (संचालक सदस्य जमानीकर्ता)**<br>बुवा : खटर ठाकुर बरही<br>बाजे : बिसनी ठाकुर बरही<br>ना.प्र.नं : ०६१५३०६०<br>ठेगाना : बालाबाखर-०७, धनुषा |
| **३) नाम : कमल प्रसाद साहु कलवार (सचिव र जमानीकर्ता)**<br>बुवा : ज्ञान चन साहु कलवार<br>बाजे : मुकुन्द साह कलवार<br>ना.प्र.नं : ०६११९०४५६ धनुषा<br>ठेगाना : मखनाह-०६ धनुषा | **६) नाम : प्रभात मण्डल (संचालक सदस्य)**<br>बुवा : लाल मंडल सुडी<br>बाजे :<br>ना.प्र.नं : १७१०३३/२३५ धनुषा<br>ठेगाना : सबैला-०८ धनुषा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री बिसनी ठाकुर बरहीको नाती श्री खटर ठाकुर बरहीको छोरा धनुषा जिल्ला बालाबाखर गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भएको **राम सेवक ठाकुर बरही** को नाममा भूमी प्रशासन कार्यालय, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला तेजनगर गा.वि.स वडा नं. ४ क को कित्ता नं ३१७ को क्षेत्रफल ०-१-६-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**National Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

# बीच सडकमै गाडी तेर्स्याएर रास्वपा सांसद प्रकाश गौतमको आक्रोश



हेटौंडा, २४ भदौ/मकवानपुरबाट निर्वाचित रास्वपा सांसद प्रकाश गौतमले बीच सडकमै गाडी तेर्स्याएर अन्य यात्रुहरुसंग आक्रोश पोख्नुभएको छ । अत्यधिक सवारी चापका कारण छोटो मार्गमा जाम भइरहेका बेला मकवानपुर( १ का सांसद गौतमले सडकमा आफ्नो निजी गाडी तेर्स्याएर यात्रुसँग विवाद गरेको र प्रहरी लगाएर एक यात्रुलाई नियन्त्रणमा लिन लगाउनुभएको हो ।

मंगलबार दिउँसो करिब ३ बजेतिर भीमफेदी बजारमाथि जुरिखेतस्थित सडकमा सवारी जाम भएको थियो । त्रिशूली नदीको बाढीले कृष्णभिरमा पहिरो गएपछि पृथ्वी राजमार्ग बन्द हुँदा पश्चिम नेपालतर्फ जाने साना सवारी साधन हेटौंडा( कुलेखानी(फर्पिङ(बल्खु सडकखण्डबाट चलिरहेका छन् ।

भीमफेदीदेखि कुलेखानीसम्मको करिब १६ किलोमिटर सडक साँघुरो रहेकाले उक्त खण्डमा अत्यधिक सवारी चापका कारण जाम हुने गरेको छ । त्यही जामका बीच मनहरी गाउँपालिका( ७ का सुसन भ्लोन हेटौंडातर्फ आउँदै गर्दा र निजी गाडीबाट काठमाण्डौंतर्फ सपरिवार जादै गर्नुभएका सांसद गौतमबीच विवाद भएको थियो । सवारी जामकै अवस्थामा गाडी अगाडि बढाउने क्रममा आवेगमा आउनुभएका गौतमले आफ्नो गाडी सडकमा तेर्स्याउनुभएको भिडियो सार्वजनिक भएको छ ।

गाडी तेर्सिएपछि सडकको दुवैतर्फका सवारी साधनसमेत सडकमै रोकिएका थिए । गाडीबाट ओर्लिएपछि गौतम मोटरसाइकल तथा चारपाङ्गे सवारीका चालकतर्फ जाइलागेको प्रत्यक्षदर्शी भ्लोनले बताउनुभएको छ । आफ्नो गाडी हटाएर जाममा फसेका यात्रुलाई गन्तव्यतर्फ जान दिने वातावरण बनाउन भ्लोनसहितका यात्रुले आग्रह गरेका थिए ।

त्यस क्रममा भ्लोनसहित अन्य यात्रु र गौतमबीच भनाभन भएको थियो । भनाभनकै क्रममा सांसद गौतमले आफूलाई गालीगलोज गरेको भन्दै प्रहरी प्रशासन लगाएर भ्लोनलाई भैंसे प्रहरी चौकीमा समात्न लगाएको खुलेको छ ।

परिवारका एक सदस्यको मृत्यु भएपछि मानसिक तनावमा रहेका बेला आफू यात्रा गरिरहेको र प्रहरीले आफूलाई चौकीमा करिब दुई घण्टा राखेको भ्लोनले बताउनुभएको छ ।

# ब्राउन सुगर ओसारपसारमा संलग्न एक भारतीय युवक वीरगञ्जबाट पक्राउ

वीरगञ्ज, २४ भदौ/लागूऔषध ब्राउन सुगर खरिद, बिक्री तथा ओसारपसारमा संलग्न एक भारतीय युवक वीरगञ्जबाट पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाका आधारमा कार्यालयबाट खटिएको प्रहरी विशेष टोलीले वीरगञ्ज महानगरपालिका( २१ परवानीपुर चोकमा जीतपुरबाट वीरगञ्जतर्फ आउँदै गरेको कारलाई रोकी चेकजाँच गर्दा ब्राउन सुगरसहित युवकलाई पक्राउ गरेको हो ।

पर्सा प्रहरी प्रवक्ता एवं डीएसपी चक्रबहादुर मल्लका अनुसार डीएल १२ सीएल १९८४ नम्बरको भारतीय कारको चालक बस्ने सिटको माथिल्लो भागमा लुकाइछिपाई राखिएको प्लास्टिकभित्र ७ ग्राम लागूऔषध ब्राउन सुगर फेला परेको थियो ।

प्रहरीले भारत, बिहार, पूर्वी चम्पारण, रक्सौल, पुरैनीया लोहडिया( ५ बस्ने ३१ वर्षीय दिनेश प्रसादलाई पक्राउ गरेको जनाएको छ ।

कार र ब्राउन सुगरसहित पक्राउ परेका प्रसादलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा राखिएको प्रहरीले जनाएको छ

# कलैया ८ को नवनिर्मित वडा कार्यालय भवन उद्धाटन

कलैया, २४ भदौ/बाराको कलैया उपमहानगरपालिकाको वडा नम्बर ८ को नवनिर्मित वडा कार्यालय भवनको नगर प्रमुख विनोदप्रसाद साहले उद्धाटन गर्नुभएको छ ।

स्थानीय दाताले दिएको जमिनमा जिल्ला समन्वय समिति बारा, कलैया उपमहानगरपालिका र वडा कार्यालयको आर्थिक सहयोगमा निर्माण गरिएको सो भवनको नगर प्रमुख साहले बुधबार एक कार्यक्रमबीच रिबन काटेर उद्धाटन गर्नुभएको वडा अध्यक्ष रञ्जित चौरसियाले जानकारी दिनुभयो ।

वडा अध्यक्ष चौरसियाका अनुसार वडा कार्यालय भवन निर्माणका लागि कलैया उपमहानगरपालिका( ८ निवासी स्वर्गीय धनसुन्दर ठाकुर बढई तथा दुखनी देवी बढईनकी छोरी स्वर्गीय शुभरत्न श्रीवास्तवकी पत्नी सुमित्रा कुमारीले भवन निर्माण गर्न सहयोग स्वरुप १५ धुर जग्गा उपलब्ध गराउनु भएको थियो । कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेशमलाल कडेल, शिक्षा शाखा प्रमुख राजीवकुमार यादव, वडा नम्बर ६ का अध्यक्ष रामविश्वास ठाकुर, वडा नम्बर ११ का अध्यक्ष अजय कुशवाहा, वडा नम्बर २६ का अध्यक्ष धर्मेन्द्र यादव, वडा नम्बर २७ का अध्यक्ष अशोक तिवारी, वडा नम्बर ८ का वडा सदस्यहरू राजिन्दर ठाकुर हजाम, तारा गिरी, मुख्तार अन्सारी, सनकेसिया देवी तथा वडा सचिव रामजी मण्डल महतोसहित कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।

# सखुवाप्रसौनीका अध्यक्ष यादवलाई फसाउन खोजियो : गोपाल सेवा समिति पर्सा

वीरगञ्ज, २४ भदौ/पर्साको सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवलाई राजनीतिक प्रतिशोधका कारण भ्रम, आरोप तथा प्रचारबाजीमार्फत फसाउने र चरित्रहत्या गर्ने प्रयास भइरहेको गोपाल सेवा समिति पर्साले आरोप लगाएको छ ।

समितिका अध्यक्ष सुरेन्द्रप्रसाद यादवले जारी गरेको प्रेस विज्ञप्तिमा अध्यक्ष यादवलाई वीरगञ्जस्थित सोल्टी वेस्टेन्ड रिसोर्टको बाथरुम परिसरमा बोलाई योजनाबद्ध रूपमा फसाउने प्रयास भएको आशङ्का व्यक्त गरिएको छ । उक्त घटनालाई आधार बनाएर अध्यक्ष यादवको व्यक्तिगत तथा राजनीतिक चरित्रहत्या गर्ने प्रयास भइरहेको समितिको दाबी छ ।

घटनाको बारेमा सामाजिक सञ्जाल तथा विभिन्न सञ्चारमाध्यममार्फत एकपक्षीय र तथ्यहीन सामग्री प्रचार(प्रसार गरी जनमानसमा भ्रम सिर्जना गर्ने प्रयास भइरहेको भन्दै समितिले गम्भीर आपत्ति पनि जनाएको छ ।

समितिले लोकतान्त्रिक व्यवस्थामा राजनीतिक प्रतिस्पर्धा स्वाभाविक भए पनि प्रतिस्पर्धाका नाममा कुनै जनप्रतिनिधिलाई योजनाबद्ध रूपमा फसाउने, व्यक्तिगत प्रतिष्ठामा आँच पुर्‍याउने तथा सार्वजनिक जीवनमा असर पार्ने उद्देश्यले गलत सूचना वा भ्रामक भिडियो प्रयोग गर्नु निन्दनीय र आपत्तिजनक कार्य भएको जनाएको छ ।

गोपाल सेवा समितिले घटनाको सत्यतथ्य सम्बन्धित सुरक्षा निकाय तथा राज्यका जिम्मेवार निकायबाट निष्पक्ष र तथ्यमा आधारित छानबिन गरी वास्तविकता सार्वजनिक गर्न माग गरेको छ । साथै, अपुष्ट आरोपलाई आधार बनाएर कुनै व्यक्ति वा समूहले पूर्वाग्रही ढंगले प्रचार(प्रसार नगर्न पनि समितिले आग्रह गरेको छ ।

राजनीतिक प्रतिस्पर्धा, व्यक्तिगत पूर्वाग्रह तथा योजनाबद्ध चरित्रहत्या गर्ने प्रयासबाट लोकतान्त्रिक संस्कार र जनप्रतिनिधिको सम्मानमा प्रहार हुन नदिन सबै पक्ष सचेत र जिम्मेवार बन्नुपर्नेमा समितिले जोड दिएको छ ।

अध्यक्ष यादवको प्रतिष्ठा तथा जनताले दिएको जनादेशको सम्मान गर्दै घटनाको सत्यतथ्य निष्पक्ष रूपमा बाहिर ल्याउन सम्बन्धित सबै पक्षसँग समितिले अपिल पनि गरेको छ ।

# भोटेकोशी बाढी : १ हजार ३६७ वटा शव फेला, ५ हजार १३२ जना सम्पर्कविहीन

काठमाण्डौ २४ भदौ/रसुवाको भोटेकोशी नदीमा गएको भदौ १० गते आएको विनाशकारी बाढीको आज १५औं दिन भएको छ । अहिलेसम्म १ हजार ३६७ जनाको शव भेटिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

अहिलेसम्म रसुवामा १७४, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, चितवनमा ३६३, नवलपरासी पूर्वमा २२६ र नवलपरासी पश्चिममा २२२ वटा शव भेटिएको छ । यस्तै उपचारका क्रममा काठमाण्डौमा २ जनाको ज्यान गएको छ ।

भेटिएको शवमध्ये १०२ वटा सनाखतपछि आफन्तलाई बुझाइएको छ ।

प्राधिकरणका अनुसार अहिलेसम्म १३ हजार ६४६ जनाको उद्धार भएको छ । उद्धार गरिएकामध्ये ३ हजार ६२८ जनाले रसुवा, नुवाकोट र धादिङका ३९ वटा होल्डिङ सेन्टरमा आश्रय लिइरहेका छन् ।

अझै ५ हजार १३२ जना सम्पर्कविहीन रहेका प्राधिकरणले जनाएको छ । सम्पर्कविहीन हुनेमध्ये सबैभन्दा धेरै रसुवाबाट २ हजार ८६० र नुवाकोटबाट १ हजार ३९३ जना छन् । बाँकी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विभिन्न निकायका सरकारी कर्मचारी तथा अन्य जिल्लाका नागरिक रहेका छन् ।



प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनर्स्थापनालगायतका कामलाई तीव्र पारेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

# नेपालका धेरैजसो पर्यटकीय क्षेत्र सुरक्षित : पाटा

काठमाण्डौ २४ भदौ/प्यासिफिक एशिया ट्राभल एसोसिएशन (पाटा) ले नेपालका धेरैजसो पर्यटकीय क्षेत्र पूर्णरूपमा सुरक्षित रहेको भन्दै विदेशी पर्यटकलाई आफ्नो नेपाल भ्रमण तालिका रद्द नगर्न आग्रह गरेको छ ।

बाढी(पहिरोको समाचारका कारण अन्तर्राष्ट्रिय क्षेत्रमा सिङ्गो नेपाल नै जोखिममा परेको भन्ने गलत छाप परेको भन्दै संस्थाले भ्रममा नपर्न अपील गरेको हो ।

भदौ १० गते आएको बाढी मुख्यत: भोटेकोशी र त्रिशूली नदी आसपासका सीमित क्षेत्रमा मात्र केन्द्रित रहेको पाटाले स्पष्ट पारेको छ ।

अहिले काठमाण्डौ उपत्यका, पोखरा, अन्नपूर्ण तथा खुम्बु क्षेत्र, चितवन, लुम्बिनी र तराईका मुख्य पर्यटकीय गन्तव्यहरू पूर्णरूपमा सहज र सुरक्षित अवस्थामा रहेको विज्ञप्तिमा उल्लेख छ । साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललगायत देशका मुख्य आन्तरिक उडानहरू पनि नियमित सञ्चालनमा रहेका छन् ।

प्राकृतिक विपद्को खबरले पर्यटकहरूमाझ डर र अन्योल पैदा हुनु स्वाभाविक भए पनि प्रभावित भूगोल सीमित रहेकाले नेपालको पर्यटन क्षेत्र स्वागतका लागि तयार रहेको पाटाको भनाइ छ ।

पाटाले अन्तर्राष्ट्रिय ट्राभल एजेन्सी र पर्यटकहरूलाई आधिकारिक सूचनाका आधारमा मात्र निर्णय लिन र ढुक्क भएर नेपाल भ्रमणमा आउन आग्रह गरेको छ ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा आएका समाचारका आधारमा प्रभावित नभएका गन्तव्यको भ्रमणसमेत रद्द हुन थालेको भन्दै पाटाले आफ्ना सदस्यलाई नेपालसम्बन्धी वेबसाइट, ट्राभल एड्भाइजरी र भ्रमण प्याकेजमा दिइने सूचनाको समीक्षा गर्न आग्रह गरेको छ

# बाढी प्रभावित विद्यार्थीलाई मनोसामाजिक परामर्शपछि मात्रै कक्षा सञ्चालन गर्न निर्देशन

काठमाण्डौ २४ भदौ/शिक्षा विभागले भोटेकोशीमा गएको बाढीबाट प्रभावित विद्यार्थीलाई मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराएपछि मात्रै नियमित कक्षा सञ्चालन गर्न सम्बन्धित पालिका र विद्यालयलाई निर्देशन दिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत शिक्षा विभागको योजना तथा कार्यक्रम शाखाले आज निकालेको पत्रमा बाढीका कारण प्रभावित विद्यार्थीमा भय, त्रास, तनाव तथा अन्य मनोसामाजिक असर पर्न सक्ने भएकाले नियमित पठनपाठन शुरू गर्नुअघि उनीहरूको मनोसामाजिक अवस्था बुझ्न आवश्यक रहेको उल्लेख छ ।

विभागले सम्बन्धित विद्यालय तथा पालिकालाई स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीसँग समन्वय गरी विद्यार्थीको मनोसामाजिक अवस्था पहिचान गर्न अनुरोध गरेको छ ।

आवश्यकता देखिएमा विद्यार्थीलाई मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराई उनीहरू नियमित कक्षा सञ्चालनका लागि तयार भएको सुनिश्चित गर्नुपर्ने विभागको भनाइ छ ।

# शहीदको अनुहार शालिकमा नमिलेपछि 'जेनजी' स्मृति पार्क उद्घाटन स्थगित



काठमाण्डौ २४ भदौ/ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्स परिसरमा निर्मित 'जेनजी शहीद' हरूको शालिक र स्मृति पार्कको अनावरण कार्यक्रम स्थगित भएको छ ।

शहीदका परिवारजनले शालिकमा शहीदहरूको अनुहार मेल नखाएको भन्दै तीव्र असन्तुष्टि जनाएपछि आज हुने भनिएको उद्धाटन कार्यक्रम स्थगित भएको हो ।

गएको वर्ष भदौ २३ र २४ गतेको आन्दोलनमा ज्यान गुमाएका ४५ जना शहीदको सम्झनामा अन्तरिम सरकारको निर्णयअनुसार पौडी पोखरी परिसरको २ रोपनी जग्गामा यो पार्क र शालिकहरू निर्माण गरिएको थियो ।

कार्यक्रममा गृहमन्त्री सुधन गुरुङ, पूर्वाधारमन्त्री सुनील लम्सालगायतका नेताहरू पार्क उद्धाटनका लागि पुगेका थिए । तर औपचारिक अनावरणअघि पर्दा उघारेर हेर्दा २४(२५ वर्षका युवाको शालिक ४०(४५ वर्षको जस्तो देखिएको र काममा गम्भीर हेलचेर्क्याइँ भएको भन्दै आफन्तहरूले आपत्ति जनाएका थिए ।

परिवारजनको गुनासोपछि मन्त्रीहरू उद्धाटन नगरिकन फर्किएका छन् । अब १ महिनाभित्र सबै शालिकलाई पुनर्निर्माण गरेर मात्र पार्कको उद्धाटन गरिने बताइएको छ ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३